Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ६२ | वि.सं. २०८३ जेठ ३१ आइतवार | नेपाल संवत: ११४५, ज्येष्ठ कृष्ण चतुर्दशी | Sunday 14 June 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### बसाइँसराईको चपेटामा पहाड :

# गाउँ पस्यो विकास शहर सोभिँदै मान्छे

◣ओम शाही
सुर्खेत, ३० जेठ ।

६० को दशक देश आन्तरिक द्वन्द्वले ग्रसित थियो। २०५२ मा सुरु भएको तत्कालिन विद्रोही नेकपा माओवादी र राज्य पक्षबीचको सशस्त्र द्वन्द्व चरम उत्कर्षमा थियो। दुवै पक्षले जसले जहाँ भेट्यो त्यही सुट गर्ने नीति अवलम्बन गरेका थिए। तत्कालिन समयमा राज्यले माओवादीलाई आतंककारी घोषणा गरेर अघि बढ्दा उसको निशानामा कांग्रेस, एमाले र राप्रपा लगायत दलका नेता तथा कार्यकर्ता थिए।

माओवादीको निशानामा सुरक्षा निकाय तथा सरकारी सेवामा कार्यरत कर्मचारी र उनीहरुका परिवार थिए। सोही कारण तत्कालिन समयमा गाउँबाट मानिसहरु माओवादीबाट सुरक्षित हुन जिल्ला सदरमुकाम वा तराई पस्थे। उनीहरु बसाइँ सर्नुको मुख्य कारण नै द्वन्द्व थियो। यसको उदाहरण हुन् जाजरकोटको छेडागाड नगरपालिका-३, का रज्नबहादुर बुढा।

बुढाका भाई पट्टीका एक जना नेपाल प्रहरीमा जागिरे थिए। उनको तत्कालिन माओवादीको बम आक्रमणमा परी मृत्यु भयो। उतिबेला प्रहरीमा भर्ना भएकै कारण पटक-पटक माओवादीबाट यातना खेपेको बुढाको परिवार भाइको मृत्यु पश्चात भने गाउँबाट विस्थापित भएर सुर्खेत छिऱ्यो। बुढा गाउँबाट विस्थापित हुनुपूर्व नै शिक्षण पेशामा आवद्ध थिए।

'उति बेला परिवार भित्रकै भाईको सुर्खेतमा बम आक्रमणमा मृत्यु भयो,' तत्कालिन समयको नमिठो अतित सम्झदै बुढा भन्छन्, 'म पनि गाउँकै विद्यालयमा शिक्षण गर्थे, उति बेला माओवादीहरुले सरकारी सेवामा काम गर्दा निकै सास्ती दिन्थे। भाइको त्यस्तो अवस्था आएपछि कतै मारिने पो हो कि भन्ने डरले सुर्खेत जानु बाध्यता बन्यो।' १९ माघ २०५८ पछि देश झन् संक्रमणकालमा फस्यो।

राजा वीरेन्द्रको हत्या पश्चात साशन सत्ता आफ्नो हातमा लिएका ज्ञानेन्द्र शाहका कारण देश थप अस्थिरतामा गयो। राजा ज्ञानेन्द्रको 'कु'का कारण दुई सय चार वर्षे राजतन्त्र नेपालबाट विधिवत् इतिहासमा समेटियो। ज्ञानेन्द्रको त्यो क्रुर कदमले तत्कालिन हतियार उठाएको माओवादी देशको शान्तिपूर्ण मुलधारको राजनीतिमा आयो।

त्यसपछिका सम्पन्न पहिलो र दोस्रो (२०६४, २०७०) को संविधानसभा निर्वाचनले देशलाई सबै खाले आन्तरिक द्वन्द्वबाट बाहिर निकाल्यो। द्वन्द्वमा भाइ गुमाएर आफ्नो पुर्ख्यौली थलोबाट विस्थापित भएका बुढा झण्डै २२ वर्षपछि पुनः आफ्नै घर फर्किएका छन्। गाउँमा ज्यान जोगाउन हम्मेहम्मेपरेपछि सहर पसेका बुढा अहिले गाउँ फर्किएर स्थानीय विद्यालयसँग जोडिएका छन्।

उनीसँगै विकासका प्रमुख पूर्वाधार सडक, विजुली, सञ्चार, खानेपानी, विद्यालय र स्वास्थ्य चौकी घर आँगनमै पुगेका छन्। तर, गाउँ फर्किएका बुढाका आँखै अगाडि भने सुविधा खोज्दै मान्छेहरु सहर पस्न थालेका छन्। उनी ३३ वर्ष यता निरन्तर शिक्षण पेशामा संलग्न छन्। बुढालाई विकास गाउँ पस्दा सहर हिँडिरहेका मानिस देखेर अचम्म लाग्छ।

'पहिले सडक थिएनन्, गाउँमा विद्यालय, स्वास्थ्य संस्था थिएनन्, उज्यालोका लागि दियालो बाल्नु पर्थ्यो, नुन बोकेर खानु पर्थ्यो, खानेपानीको समस्या उस्तै थियो,' उनी भन्छन्, 'तर, अहिले पहाडमा सडक सञ्जाल व्यापक विस्तार भएका छन्। ठुला

▶▶ बाँकी ३ पेजमा




## बसाइँसराईको चपेटामा मध्य पहाड

राष्ट्रिय जनगणना २०७८ ले हालसम्मको बसाइँसराईको दर अर्थात नेपालभित्रको आफ्नो जन्मस्थान छोडी बसाई सर्नेको अनुपात २९.२ प्रतिशत रहेको देखाउँछ। राष्ट्रिय जनगणना २०७८ को तथ्यांकले भन्छ, 'सबैभन्दा बढी हालसम्मको आन्तरिक बसाइँसराई गर्ने अर्थात जन्मस्थान छोड्ने जनसंख्या पहाडमा देखिएको छ, जहाँबाट ३२ प्रतिशत मानिसहरु सरेको देखिन्छ।'

यो आफैमा डरलाग्दो तथ्यांक हो। तथ्यांकले ७७ जिल्ला मध्ये ५८ जिल्लाको खुद आन्तरिक बसाइँसराई दर ऋणात्मक अर्थात बसाइँ सरी आउनेभन्दा जानेको अधिक छ। जनगणनाको तथ्यांकलाई हेर्दा पहाडको मात्र नभई हिमालको १३ प्रतिशत जनसंख्या पनि पहाड वा तराई झरेको छ।

मध्यपहाडबाट भइरहेको तीव्र बसाइँसराइ सडक अभावकै कारण रहेको निष्कर्ष निकाल्दै सरकारले आर्थिक वर्ष २०६४/०६५ मा मध्यपहाडी राजमार्गको परिकल्पना गऱ्यो। आयोजनाका अनुसार मध्यपहाडी राजमार्ग बनाउनुको पहिलो उद्देश्य मध्यपहाडका झण्डै ५० लाख नागरिकलाई प्रत्यक्ष सुविधा पुऱ्याएर यहाँबाट भइरहेको बसाइँसराइ रोक्नु हो। तर, राष्ट्रिय गौरवको आयोजनाले मध्यपहाडको बसाइँसराई बढायो कि

▶▶ बाँकी ३ पेजमा

## के हो बसाइँसराईको फ्याक्टर ?

पछिल्ला दशकहरूमा नेपालमा विशेषगरी सहरतर्फ बसाइँसराइ तीव्र रूपमा बढेको छ। यसको मुख्य कारणमा राजनीतिक पुनर्संरचना, २०७२ को भूकम्प र बढ्दो अन्तर्राष्ट्रिय प्रवासनलाई लिइन्छ। द्वन्द्वपछिको शान्ति प्रक्रिया र संघीयतासँगै सुरक्षा र रोजगारीको खोजीमा ठूलो जनसंख्या सहरतर्फ सरेको त्रिभुवन विश्वविद्यालय अन्तर्गत जनसंख्या अध्ययन केन्द्रीय विभागका सहप्राध्यापक डा. पदम खतिवडा बताउँछन्।

भूकम्पपछि पहाडी क्षेत्रमा बढेको असुरक्षा, त्रास र बसोबासको अनिश्चितताले पनि तराई र सहरी क्षेत्रमा बसाइँसराइ बढाएको देखिन्छ। २०७८ को जनगणनाले हिमाल र पहाडी ३४ जिल्लामा जनसंख्या

▶▶ बाँकी ३ पेजमा

## 'विद्यमान नीतिले बसाइँसराइ रोकिदैन'

मध्यपहाडीले कर्णालीका रुकुम पश्चिम, जाजरकोट र दैलेख गरी तीन जिल्लालाई छेडेको छ। यी जिल्ला मध्ये दैलेखको जनसंख्या -३.६ प्रतिशत अर्थात वार्षिक नौ हजार चार सय ५७ का दरले घटिरहेको छ। नारायण नगरपालिकाका प्रमुख लोमन शर्मा बसाइँसराइ रोक्न व्यवस्थित बस्ती विकास र जग्गा वर्गीकरणको योजना अघि बढाइएको बताउँछन्।

उनका अनुसार सेवा सुविधा र योजनाबद्ध सहरीकरणमार्फत जनसंख्या व्यवस्थापन गर्ने प्रयास भइरहेको छ, तर विद्यमान नीतिले मात्र बसाइँसराइ रोक्न नसकिने चुनौती कायमै छ। शर्मा भन्छन्, 'सहरका नजिक रहेका जग्गाहरुलाई वर्ग्रीकरण गरेर सहर विस्तार गर्ने योजना अघि सारेका छौं। नारायण नगरपालिकामा विगतको तुलनामा जनसंख्या बढेको देखिन्छ। अन्य पालिकाको तुलनामा सदरमुकाममा सेवा सुविधा धेरै भएकाले जनसंख्या बढेको

▶▶ बाँकी ४ पेजमा

# आगामी आवमा जलविद्युत् उत्पादन क्षमता पाँच हजार ३३५ मेगावाट पुग्ने

◣युग संवाददाता
काठमाडौँ, ३० जेठ ।



सरकारले आगामी आर्थिक वर्षभित्र मुलुकको कुल जडित विद्युत् उत्पादन क्षमता पाँच हजार ३३५ मेगावाट पुऱ्याउने लक्ष्य लिएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सार्वजनिक गरेको वार्षिक विकास कार्यक्रममा एक वर्षभित्र थप एक हजार ४० मेगावाट जलविद्युत् उत्पादन क्षमता थपिने उल्लेख गरिएको छ।

निर्माणाधीन तथा निर्माणको अन्तिम चरणमा रहेका जलविद्युत् आयोजनालाई समयमै सम्पन्न गर्न विशेष प्रयास गरिने जनाइएको छ। निजी क्षेत्रबाट निर्माण भइरहेका आयोजनालाई पनि सहजीकरण गरी निर्धारित समयमा तिनलाई पनि सम्पन्न गर्ने लक्ष्य छ।

विद्युत् प्रसारण पूर्वाधार विस्तारलाई पनि उच्च प्राथमिकतामा राखिएको छ। वार्षिक कार्यक्रमअनुसार ६६ केभी प्रसारण लाइन सात हजार ४८ सर्किट किलोमिटरबाट बढाएर सात हजार ८०८ सर्किट किलोमिटर पुऱ्याइनेछ। त्यसैगरी, ३३ केभी प्रसारण लाइन आठ हजार ३२५ सर्किट किलोमिटरबाट बढाएर आठ हजार ४२९ सर्किट किलोमिटर पुऱ्याउने लक्ष्य छ।

आगामी आर्थिक वर्षमा प्रतिव्यक्ति विद्युत् खपत पाँच सय ११ किलोवाट घण्टा पुऱ्याउने तथा विद्युत् चुहावट १२ दशमलव शून्य तीन प्रतिशतमा सीमित गर्ने लक्ष्य लिइएको छ। लघु तथा साना जलविद्युत् आयोजनाबाट ४३ मेगावाट तथा सौर्य ऊर्जाबाट ९९ मेगावाट विद्युत् उत्पादन क्षमता थप गरिने कार्यक्रम छ।

सरकारले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट कार्यान्वयनबाट थप १५ हजार ७७६ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य राखेको छ। साथै, ठूला तथा मझौला नदीमा थप ७० किलोमिटर तटबन्ध निर्माण तथा २१० हेक्टर जमिन उकास गरिनेछ।

उक्त मन्त्रालयका अनुसार जलविद्युत् विकासले राष्ट्रिय आवश्यकता मात्र नभई क्षेत्रीय अर्थतन्त्रको विकासलाई समेत तीव्रता दिन सहयोग पुग्ने अपेक्षा गरिएको छ। यसबाट आर्थिक विकास, औद्योगिकीकरण, बाढी नियन्त्रण, वातावरणीय संरक्षण तथा रोजगारी सिर्जनामा योगदान पुग्ने छ।

आगामी आवमा १२ वटा प्रसारण लाइन सम्पन्न गर्ने लक्ष्य छ। ती आयोजना सम्पन्न भएपछि आन्तरिक रूपमा विद्युत् प्रवाहमा सहजता आउने तथा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न सकिने छ। काठमाडौँ उपत्यकाको मध्यभाग हुँदै जाने प्रसारण लाइन निर्माणको योजना पनि कार्यान्वयन गरिने उक्त मन्त्रालयले जनाएको छ।






## सम्पादकीय....

# राउटे संरक्षणको नीति कार्यान्वयन होस् !

कर्णाली प्रदेश सरकारले लोपोन्मुख राउटे समुदायको संरक्षण, व्यवस्थापन तथा मूलप्रवाहीकरणका लागि 'राउटे मूलप्रवाहीकरण नीति-२०८३' स्वीकृत गरेको छ। प्रदेश मन्त्रिपरिषद्बाट पारित यो नीति राउटे समुदायको अस्तित्व, पहिचान, संस्कृति र मानव अधिकार संरक्षणका दृष्टिले महत्वपूर्ण कदम हो। नेपालकै अति लोपोन्मुख आदिवासी समुदायमध्ये एक राउटे समुदायको जनसंख्या निरन्तर घट्दै जानु, उनीहरूको परम्परागत जीवनशैली विभिन्न बाह्य प्रभावका कारण संकटमा पर्नु तथा शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा न्यून पहुँच हुनु जस्ता चुनौतीबीच आएको यो नीति स्वागतयोग्य छ। राउटेहरू नेपालको एकमात्र घुमन्ते समुदायका रूपमा परिचित छन्। परम्परागत रूपमा शिकार गर्ने, काठका सामग्री निर्माण गरेर अन्नसँग साट्ने तथा जंगल केन्द्रित जीवनशैली अपनाउने यो समुदाय आधुनिक समाजको प्रभावबाट धेरै हदसम्म टाढा रहँदै आएको छ। तर, पछिल्ला वर्षहरूमा उनीहरूको जीवनमा बाह्य हस्तक्षेप बढेको छ। मदिराको प्रयोग, अनियन्त्रित राहत वितरण, फोटो तथा भिडियो खिच्ने नाममा हुने अनावश्यक हस्तक्षेप र विभिन्न स्वार्थ समूहको पहुँचले समुदायको मौलिकता र सामाजिक संरचनामा असर पुऱ्याएको सरोकारवालाहरूको निष्कर्ष छ।

यही यथार्थलाई सम्बोधन गर्न सरकारले राउटे बस्तीमा अनधिकृत प्रवेश नियन्त्रण गर्ने, मदिरा बिक्री-वितरण तथा सेवनलाई निरुत्साहित गर्ने, आधारभूत शिक्षा, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा तथा अस्थायी आवासको व्यवस्था गर्ने जस्ता प्रावधान समेटेको छ। राउटे समुदायको भाषा, धर्म, संस्कृति, सीप तथा सम्पदाको संरक्षण गर्दै सम्मानजनक जीवनयापनको वातावरण तयार गर्ने लक्ष्य नीतिले लिएको छ। यसले राउटे समुदायलाई जबर्जस्ती परिवर्तन गर्ने होइन, उनीहरूको मौलिक पहिचान सुरक्षित राख्दै संविधानले प्रत्याभूत गरेका अधिकारको उपभोग गर्न सक्षम बनाउने उद्देश्य बोकेको देखिन्छ। तर, नीति बन्नु मात्र पर्याप्त होइन। नेपालको शासन प्रणालीमा नीति, योजना र घोषणा धेरै हुने तर कार्यान्वयन कमजोर हुने पुरानो समस्या विद्यमान छ। राउटे समुदायका लागि पनि विगतमा विभिन्न अध्ययन, प्रतिवेदन र सुझावहरू तयार भए। राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय मानव अधिकार आयोग, इन्सेक लगायतका संस्थाले समुदायको जीवनरक्षा र अधिकार सुनिश्चितताका लागि बारम्बार सुझाव दिएका थिए। तर, ती सिफारिसहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेनन्।

परिणामतः समुदायको अवस्था अपेक्षित रूपमा सुधार हुन सकेन। त्यसैले अहिलेको मुख्य प्रश्न नीति स्वीकृत भयो कि भएन भन्ने होइन, यसको कार्यान्वयन कसरी हुन्छ भन्ने हो। प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट कार्यविधि, पर्याप्त बजेट, जिम्मेवार निकाय, नियमित अनुगमन तथा राजनीतिक प्रतिबद्धता अनिवार्य छन्। राउटे समुदायको विश्वास जितेर उनीहरूको सहभागितामा कार्यक्रम सञ्चालन गर्न सके मात्र नीति सफल हुनेछ। बाहिरबाट थोपरिएका कार्यक्रमले दीर्घकालीन परिणाम दिन सक्दैनन्। राउटे समुदायको संरक्षण एउटा समुदायको मात्र सवाल होइन, यो नेपालको सांस्कृतिक विविधता, मानव अधिकार र सभ्यताको संरक्षणसँग जोडिएको विषय हो। ढिलै भए पनि कर्णाली प्रदेश सरकारले सही दिशा समातेको छ। अब महत्वपूर्ण विषय भनेको घोषणामा सीमित नभई नीतिलाई व्यवहारमा उतार्ने दृढ इच्छाशक्ति हो। राउटे मूलप्रवाहीकरण नीति-२०८३ को सफलता कागजमा लेखिएका प्रतिबद्धताले होइन, राउटेहरूको जीवनमा देखिने सकारात्मक परिवर्तनले मापन हुनेछ।

# प्रदूषित हावा हटाउन आठ अर्ब ७१ करोडको परियोजना

**युग संवाददाता**
**काठमाडौँ, ३० जेठ ।**

सरकारले प्रदूषित हावा हटाएर स्वच्छ वातावरण कायम गर्ने योजना अघि सारेको छ। 'नेपाल स्वच्छ हावा तथा समृद्धि परियोजना (नेपाल क्लिन एयर एण्ड प्रोस्पेरिटी प्रोजेक्ट-एनक्याप)' आगामी आर्थिक वर्ष २०८३/०८४ देखि कार्यान्वयनमा ल्याउने तयारी भएको छ।

नेपालमा वायु प्रदूषण नियन्त्रण, औद्योगिक क्षेत्रको हरित रूपान्तरण तथा स्वच्छ हावा प्रवर्द्धनका लागि करिब रु आठ अर्ब ७१ करोड (५७ मिलियन अमेरिकी डलर) बराबरको परियोजना सञ्चालन गर्ने तयारी थालिएको हो। विश्व बैंकको ५२ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण र पाँच मिलियन अमेरिकी डलर अनुदान स्वीकृत भएपछि परियोजना कार्यान्वयनको बाटो खुलेको छ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले 'नेपाल स्वच्छ हावा तथा समृद्धि परियोजना (एनक्याप)' ले देशको वायु गुणस्तर व्यवस्थापन प्रणालीमा गुणात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गर्नुभयो। उहाँका अनुसार परियोजनाले विशेषगरी उद्योग क्षेत्रलाई स्वच्छ ऊर्जामा रूपान्तरण गर्न सहयोग पुऱ्याउने भएकाले औद्योगिक प्रदूषणमा उल्लेखनीय कमी आउने अपेक्षा गरिएको छ।


"हामीले अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाउन खोजेका छौँ। उद्योगहरू स्वच्छ ऊर्जामा रूपान्तरण हुँदा प्रदूषणको मात्रा घट्नेछ र आगामी पाँच वर्षभित्र सकारात्मक परिणाम देख्न सकिने विश्वास गरेका छौँ", उनले भने।

सुवेदीले अन्तरदेशीय वायु प्रदूषण, विशेषगरी छिमेकी मुलुकबाट भित्रिने प्रदूषण नियन्त्रणका लागि बहुपक्षीय तथा अन्तरदेशीय समन्वय आवश्यक रहने बताए। उनले परियोजनाले नेपालभित्रका प्रदूषण स्रोत नियन्त्रणमा केन्द्रित भई औद्योगिक उत्सर्जन घटाउने, वायु गुणस्तरको प्रभावकारी अनुगमन गर्ने तथा तथ्यमा आधारित नीति निर्माणलाई सहयोग पुऱ्याउने उल्लेख गरे।

उनका अनुसार परियोजनाअन्तर्गत वायु गुणस्तर मापन केन्द्रको सङ्ख्या विस्तार गरिनेछ भने विद्यमान स्टेशनहरूको क्षमता अभिवृद्धि गरिने, साथै प्रयोगशालामा आधुनिक उपकरण थपिने, प्राविधिक जनशक्तिको क्षमता विकास गरिने तथा वातावरण विभागको संस्थागत क्षमता सुदृढ बनाइनेछ।

महानिर्देशक सुवेदीले वायु प्रदूषणका कारण अर्थतन्त्रमा समेत ठूलो असर परिरहेको उल्लेख गर्दै वायु प्रदूषणका कारण विश्वव्यापी रूपमा कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब छ प्रतिशत बराबरको आर्थिक क्षति हुने विभिन्न अध्ययनले देखाएको बताए। "नेपालमा वायु प्रदूषणले अर्थतन्त्रमा कति असर पारेको छ, कुन क्षेत्रबाट कति प्रदूषण उत्सर्जन भइरहेको छ र त्यसको आर्थिक तथा सामाजिक प्रभाव के छ भन्ने विषयमा समेत अध्ययन गरिनेछ", उनले भने। उनका अनुसार आगामी दिनमा तथ्यमा आधारित नीति निर्माण, प्रदूषणका स्रोतहरूको पहिचान तथा प्रभावकारी नियन्त्रणका लागि आवश्यक अनुसन्धान र अध्ययनलाई समेत परियोजनाले प्राथमिकतामा राख्नेछ।

वातावरण विभागका उपमहानिर्देशक सरोजकुमार चौधरीका अनुसार परियोजनाको मुख्य उद्देश्य प्रदूषित हावामा पाइने सूक्ष्म कण (पीएम-२.५) को उत्सर्जन घटाई वायु गुणस्तर व्यवस्थापन क्षमता अभिवृद्धि गर्नु रहेको छ। उनले नेपालमा विशेषगरी काठमाडौँ उपत्यका र



तराई क्षेत्रमा पीएम-२.५ को मात्रा विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्डभन्दा आठदेखि नौ गुणासम्म बढी रहेको उल्लेख गर्दै यसले जनस्वास्थ्यमा गम्भीर असर पारिरहेको बताए।

"परियोजनाअन्तर्गत उद्योग क्षेत्रमा जीवाश्म इन्धन तथा कोइलाबाट सञ्चालन भइरहेका ब्वायलर र फर्नेसलाई विद्युत् तथा बायोमासमा आधारित हरित प्रविधिमा रूपान्तरण गरिनेछ", चौधरीले भने, "उद्योग विभागमार्फत सञ्चालन हुने यस कार्यक्रमअन्तर्गत विद्युतीय फर्नेसमा रूपान्तरण गर्ने उद्योगलाई कूल पुँजीगत खर्च (क्यापेक्स) को २० प्रतिशतसम्म पुँजी अनुदान उपलब्ध गराइनेछ।" त्यस्तै बायोब्रिकेट तथा बायोपेलेटजस्ता बायोमासमा आधारित फर्नेसमा रूपान्तरण गर्ने उद्योगलाई कुल पुँजीगत खर्चको १० प्रतिशतसम्म अनुदान प्रदान गरिनेछ चौधरीको भनाइ छ।

"उद्योग विभागमार्फत सञ्चालन हुने यस कार्यक्रमअन्तर्गत विद्युतीय फर्नेसमा रूपान्तरण गर्ने उद्योगहरूलाई पुँजीगत लगानीको २० प्रतिशत र वायोमास (बायोब्रिकेट र बायोपेलेट) मा आधारित फर्नेसमा रूपान्तरण गर्नेलाई पुँजीगत लगानीको १० प्रतिशतसम्म पुँजी अनुदान ब्यादर र फर्नेसमा रूपान्तरण गरिसकेपछि उपलब्ध गराइनेछ", उनले भने, "बाँकी रकम ब्याजदरमा लामो अवधि (करिब १५ वर्ष) सम्मको लागि प्रदान गरिनेछ", अन्य वायु प्रदुषण नियन्त्रण उपकरणका लागि कुनै अनुदानको व्यवस्था नरहेको तर बजार ब्याजदरमा लामो अवधिको ऋण प्रदान गर्न सकिने व्यवस्था रहेको छ।"

**चार सय उद्योगले सहुलियतपूर्ण वित्तीय पहुँच प्राप्त गर्ने**

परियोजनाको आर्थिक प्रभाव उल्लेखनीय रहने अपेक्षा गरिएको छ। चौधरीका अनुसार यसबाट ४०० उद्योगले सहुलियतपूर्ण वित्तीय पहुँच प्राप्त गर्ने, ३०० उद्योगमा स्वच्छ ब्वायलर वा फर्नेस जडान हुने तथा ३० मिलियन अमेरिकी डलर बराबरको सहुलियत ऋण परिचालन हुने लक्ष्य राखिएको छ। साथै निजी क्षेत्रबाट थप १८ मिलियन अमेरिकी डलर लगानी आकर्षित हुने अनुमान गरिएको उहाँको भनाइ छ।

"परियोजनाअन्तर्गत वायु गुणस्तर मापन केन्द्रहरूको विस्तार तथा स्तरोन्नति गरिनेछ। चार वटा केन्द्रलाई 'सुपरसाइट' मा रूपान्तरण गरी प्रदूषणका स्रोत पहिचान, तथ्याङ्क विश्लेषण तथा अन्तरदेशीय वायु प्रदूषणको निगरानी क्षमता अभिवृद्धि गरिने छ", चौधरीले भने, "परियोजना पूर्ण रूपमा कार्यान्वयन भएपछि पिएम-२.५ उत्सर्जन वार्षिक ५०० मेट्रिक टनले घट्ने तथा हरितगृह ग्यास उत्सर्जनमा वार्षिक एक लाख १० हजार टन कमी आउने अपेक्षा गरिएको छ।"

यसले नेपालले अन्तरराष्ट्रिय रूपमा प्रतिबद्धता जनाएको राष्ट्रिय निर्धारित योगदान (एनडिसी) का लक्ष्य प्राप्त गर्नसमेत सहयोग पुग्ने विश्वास गरिएको उहाँको भनाइ छ। चौधरीले परियोजनाबाट देशभरका ४०० औद्योगिक प्रतिष्ठान, ती उद्योगमा कार्यरत करिब ६० हजार श्रमिक तथा काठमाडौँ उपत्यका र तराई क्षेत्रका करिब एक करोड ८० लाख नागरिक प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाभान्वित हुने जानकारी दिए।

उनले कार्यक्रममा परियोजनाले उद्योगको उत्पादन लागत घटाई प्रतिस्पर्धी क्षमता बढाउने, स्वदेशी जलविद्युत्को खपत विस्तार गर्ने, हरित औद्योगिकीकरणलाई प्रोत्साहन गर्ने तथा स्वच्छ हावामार्फत जनस्वास्थ्य सुधारमा योगदान पुऱ्याउने विश्वास व्यक्त गरे।

परियोजनाको समग्र निर्देशनका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको अध्यक्षतामा परियोजना स्टेयरिङ समिति रहनेछ। उद्योग विभाग र वातावरण विभागमा छुट्टाछुट्टै कार्यान्वयन एकाइ रहने व्यवस्था गरिएको छ। राष्ट्रिय वाणिज्य बैंक मुख्य बैंकिङ साझेदार रहने तथा अन्य वित्तीय संस्थाले समेत सहकार्य गर्ने जनाइएको छ।

**परियोजना कार्यन्वयनका चुनौती**

वातावरण युवा अभियन्ता प्रकाश लामाले वायु प्रदूषणलाई अब केवल वातावरणीय समस्या नभई दैनिक जनस्वास्थ्य सङ्कटका रूपमा लिनुपर्ने बताए। उनले विश्व बैंकको ५२ मिलियन अमेरिकी डलर ऋण तथा ५ मिलियन अमेरिकी डलर अनुदान सहयोगमा सञ्चालन हुन लागेको नेपाल स्वच्छ वायु तथा समृद्धि (एनक्याप) परियोजनाले प्रदूषण नियन्त्रणका लागि महत्त्वपूर्ण अवसर प्रदान गरेको बताए।

"तर ऋणसँग जिम्मेवारी पनि जोडिएको हुन्छ", उनले भने, "त्यो ब्याजसहित फिर्ता गर्नुपर्छ र यसको भार अन्ततः हाम्रो पुस्ताले नै वहन गर्नुपर्ने हुन्छ।" उनका अनुसार उक्त लगानीले वास्तविक र मापनयोग्य परिणाम दिन आवश्यक छ। विशेषगरी इँटा उद्योग, उच्च प्रदूषण उत्सर्जन गर्ने सवारीसाधन, साना तथा मझौला उद्योग र परम्परागत चुलोजस्ता प्रदूषणका प्रमुख स्रोतलाई लक्षित गरी प्रभावकारी हस्तक्षेप गर्नुपर्ने उनको भनाइ छ।

"स्वच्छ औद्योगिक प्रविधिको प्रयोग, विद्युतीय यातायाततर्फ तीव्र रूपान्तरण तथा घरपरिवारका लागि सहज रूपमा स्वच्छ खाना पकाउने प्रविधिको विस्तार आवश्यक छ", उनले भने। अभियन्ता लामाले परियोजनाको कार्यान्वयनमा पारदर्शिता र जवाफदेहितालाई प्राथमिकता दिनुपर्नेमा पनि जोड दिए। उनले हरित रोजगारी सिर्जना, आर्थिक वृद्धिदरमा योगदान तथा प्रदूषणजन्य स्वास्थ्य खर्चमा कमीमार्फत लगानीको प्रतिफल सुनिश्चित गर्ने स्पष्ट योजना आवश्यक रहेको बताए।

"उधारो लिइएको प्रत्येक रूपैयाँले भविष्यमा त्यसको प्रतिफल दिन सक्नुपर्छ", उनले भने। उनले स्वच्छ वायु अभियानमा युवालाई केवल लाभग्राहीका रूपमा नभई नेतृत्वकर्ता, अनुसन्धानकर्ता र नवप्रवर्तकका रूपमा सहभागी गराउनुपर्ने धारणा राखे। "५७ मिलियन अमेरिकी डलर केवल आर्थिक सहायता होइन, यो जिम्मेवारी पनि हो", उनले भने, "यसलाई बुद्धिमत्तापूर्वक प्रयोग गरौँ, नतिजा सुनिश्चित गरौँ र स्वच्छ वायु तथा दिगो आर्थिक समृद्धि सँगसँगै अघि बढ्ने नेपाल निर्माण गरौँ।"

**के छ ? अन्य नीतिगत व्यवस्था**

काठमाडौँ उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ ले पनि नेपाल सरकारले निर्धारण गरेको एक्युआई को मान ३०० भन्दा बढी भएको अवस्थालाई विपद्को रूपमा लिने बताएको छ। यो विपद् रोक्नका लागि कार्ययोजनामा फोहोर बाल्ने कार्य रोक्ने, सडक सफा गर्न ब्रमुर तथा भ्याकुमको प्रयोग व्यापक गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीहरूलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्न कार्ययोजनामा उल्लेख गरिएको छ।

राष्ट्रिय वातावरण नीति २०७६ अनुसार प्रदूषण न्यूनीकरण गर्नका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्-चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण, जोखिमपूर्ण रसायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिने सरकारी रणनीति रहेको छ। प्रमुख शहरहरू, औद्योगिक प्रतिष्ठानलगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनि गुणस्तरको नक्साङ्कन गरिनेछ रणनीतिमा उल्लेख छ।

"औद्योगिक तथा अन्य क्षेत्रवाट निष्काशन हुने प्रदूषित पानीको प्रशोधनको व्यवस्था गरिनेछ। उद्योग र अन्य व्यवसायहरूबाट निष्कासन हुने प्रदूषणयुक्त धुवा, धूलो, पानीलाई व्यवस्थित गर्न वातावरण-मैत्री प्रविधि कार्यान्वयनमा ल्याइनेछ," नीतिमा उल्लेख छ, "घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्नका लागि सौर्य चुलो, विद्युतीय चुलो, बायोग्याँस, सुधारिएको चुलो, चिम्नीजस्ता उपकरणहरूको प्रवर्द्धन गरिनेछ। ऊर्जा किफायती भवन निर्माणमा जोड दिइनेछ।"

प्रदूषण नियन्त्रणका लागि उत्सर्जन थल नक्साइनका लागि विक्षेपणजस्ता नवीनतम विधिहरूको प्रयोग गरिने पुनःप्रयोग गर्न नमिल्ने फोहरलाई आवश्यकतानुसार फोहर विसर्जन क्षेत्र, हानिकारक फोहर विसर्जन क्षेत्र भष्मीकरण यन्त्रको माध्यमबाट सुरक्षित तरिकाले विसर्जन गरिने तथा औधोगिक प्रतिष्ठान, अस्पताल वा अन्य कुनै स्थान विशेषबाट निस्कने फोहरलाई एकीकृत भष्मीकरण यन्त्र स्थापना गरी विसर्जन गरिने रणनीतिमा उल्लेख गरिएको छ।

काठमाडौँ उपत्यकाको वायु हानिकारक र यसको गुणस्तर खस्किने क्रम तीव्र रूपमा निरन्तर बढिरहेकोसम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय अध्ययन प्रतिवेदनहरू आइरहेका छन्। सार्वजनिक इन्भारोमेन्ट परफरमेन्स ईन्डेक्स २०१८ को १८० मुलुकमा गरिएको अध्ययनमा वायु प्रदूषण वढी भएका पाँच राष्ट्रको सूचीमा नेपाल परेको छ। वायु प्रदुषणको हिसावले नेपालको स्तर ३१.४४ रहेको छ।

वातावरण विभागले उपत्यकालाई लक्षित गरी धुलिखेल, पुल्चोक, रत्नपार्क, त्रिवि कीर्तिपुर, सैंवु, सैनिक विद्यालय भक्तपुरमा प्रदूषण मापन केन्द्र स्थापना गरेको छ। सेन्ट्रल सिस्टममा डाटाजाने र आम सर्वसाधारणले प्रदूषण अवस्थाको जानकारी लिन सक्ने व्यवस्था मिलाइएको छ।

## विश्व

# लेबनानमा शान्तिरक्षकको हत्या भएको घटनाको राष्ट्रसङ्घद्वारा निन्दा




**संयुक्त राष्ट्रसङ्घ, ३० जेठ ।**

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का सदस्यहरूले गत जुन -४ मा लेबनानमा संयुक्त राष्ट्रको अन्तरिम बल (युनिफिल) का सर्बियाली शान्तिरक्षकको हत्या भएको घटनाको निन्दा गरेका छन्।

सुरक्षा परिषद्ले विज्ञप्ति जारी गर्दै मोर्टारको गोलीले प्रहार गर्दा गम्भीर घाइते भएका शान्तिरक्षकको उपचारको क्रममा मृत्यु भएको र अन्य दुई शान्तिरक्षकहरू घाइते भएको जनाएक छ।

परिषद्का सदस्यहरूले संयुक्त राष्ट्र सङ्घलाई युनिफिलमार्फत आक्रमणको द्रुत अनुसन्धान गर्न आह्वान गर्दै आक्रमणका जिम्मेवार व्यक्तीहरूलाई ढिलाइ नगरी कार्वाहि गर्न र जवाफदेही बनाउन आह्वान गर्नु भएको छ। पछिल्लो समयमा द्धन्द्ध बढे पछि दक्षिणी लेबनानमा आफ्नो कर्तव्य निर्वाह गर्दा- गर्दै सात जना युनिफिलका शान्तिरक्षकहरूले मृत्यु वरण गर्नु का साथै अन्य धेरै घाइते भएको जनाइएको छ।

परिषद्का सदस्यहरूले युनिफिलका लागि आफ्नो पूर्ण समर्थन रहेको पुष्टि गर्दै युनिफिलका कर्मचारी र परिसरको सुरक्षाका साथसाथै मिसनको आवागमनको स्वतन्त्रतालाई सम्मान गर्न सबै पक्षहरूलाई आग्रह गरेका छन्। सदस्यहरूले लेबनानको सार्वभौमिकता, स्वतन्त्रता, क्षेत्रीय अखण्डता र एकताका लागि आफ्नो प्रतिबद्धतासमेत दोहोर्‍याएका छन्। उनीहरूले अन्तर्राष्ट्रिय समुदायलाई लेबनानी सशस्त्र बललाई उपकरण, सामग्री र वित्त लगायत सहयोगलाई तीव्र बनाउन, लिटानी नदीको दक्षिणमा उनीहरूको प्रभावकारी र दिगो तैनाती सुनिश्चित गर्न र सुरक्षा परिषद्को प्रस्ताव -१७०१ कार्यान्वयन गर्न उनीहरूको क्षमता बढाउन आह्वान गरेका छन्।

पछिल्लो समयमा शत्रुता बढेको विषयमा चिन्ता व्यक्त गर्दै परिषद्ले सबै पक्षहरूलाई तुरुन्तै शत्रुता अन्त्य गर्न, जुन -३ को युद्धविरामको सम्मान गर्न र सुरक्षा परिषद्को प्रस्ताव -१७०१ लाई पूर्ण रूपमा कार्यान्वयन गर्न आग्रह गरेको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

| | |
|---|---|
| मेष | धैर्य व्यवहारले समस्या निम्त्याउला। समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन्। अरूको सुझावलाई बेवास्ता गर्दा दुःख पाइनेछ। |
| वृष | समयमा गरिएको कामले हौसला जगाउनेछ। आफन्तको सान्निध्य र अभिभावकको स्नेह प्राप्त हुनेछ। स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। |
| मिथुन | समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला। परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ। अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला। |
| कर्कट | मेहनतले आम्दानी बढाउनेछ। सानो प्रयत्न गर्दा महत्त्वपूर्ण काम बन्न सक्छ। श्रमको उच्च मूल्यांकन हुनुका साथै दिगो फाइदा हुने काम प्राप्त हुन सक्छ। |
| सिंह | विशेष भेटघाटले काममा उत्साह बढाउला। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। कीर्तिमानी काम गर्ने समय छ। |
| कन्या | स्वास्थ्य कमजोर रहनाले काम सम्पादन गर्न नसकिएला। समयमा काम पूरा नहुनाले अवसर गुम्न सक्छ। जिम्मेवारी भने बढिरहनेछन्। |
| तुला | गरेका कामबाट तत्काल फाइदा उठाउन मुस्किलै पर्नेछ। अवसर प्राप्त भए पनि ठूलो उपलब्धि हातलागी नहुने देखिन्छ। |
| वृश्चिक | प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनुका साथै मनग्य धन लाभ हुनेछ। दिन मनोरञ्जनपूर्ण रहनेछ। सोख पूरा हुनेछ। |
| धनु | व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्य फाइदा हुनेछ। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। |
| मकर | छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ। अवसर आए पनि नयाँ काममा हातहाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला। |
| कुम्भ | महत्त्वाकांक्षी योजना गोप्य राख्नुहोला। बेसुरमा दिएको वचनले आफैंलाई अप्ठ्यारो पर्नेछ। नजिकका साथीभाइसँग असमझदारी बढ्न सक्छ। |
| मीन | प्रयत्न गर्दा राम्रै प्रतिफल प्राप्त हुने समय छ। साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ। |

# खलङ्गा-खार सडकः 'अधुरै सडक, जोखिमपूर्ण यात्रा'



**नरेन्द्रसिंह कार्की/रासस**
**दार्चुला, ३० जेठ ।**

सुदूरपश्चिम प्रदेश सरकारको गौरवको योजनाका रूपमा अघि बढाइएको खलङ्गा-खार सडकखण्ड अझै अधुरै छ। आर्थिक वर्ष २०७५/०७६ मै प्रदेश गौरवको सडक घोषणा गरिएको यो योजनामा हालसम्म सात किलोमिटर क्षेत्रमा समेत प्रभावकारी काम हुन सकेको छैन।

खलङ्गा-खार हुँदै गोकुलेश्वर जोड्ने छोटो दूरीको यो सडक निर्माण अधुरै हुँदा सर्वसाधारणले जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन्। सदरमुकाम खलङ्गादेखि दल्लेखसम्मको करिब १५ किलोमिटर सडकखण्डमध्ये बाढीले क्षति पुऱ्याएको सात किलोमिटर क्षेत्रमा अझै काम अघि बढ्न सकेको छैन।

विसं २०७७ मै सडक कालोपत्रका लागि ठेक्का लागेको थियो। केही काम अघि बढेकै बेला २०७९ साल भदौ अन्तिम साता डुडुरी खोलामा आएको बाढीले सडक संरचना ध्वस्त बनायो। त्यसपछि क्षति भएका संरचनाको पुनर्निर्माणमा ढिलाइ हुँदा अहिले यातायात सञ्चालन जोखिमपूर्ण बनेको छ।

महाकाली नगरपालिका-२ अन्तर्गत मुल्ला, मैखोली र सेला तथा वडा नम्बर ३ को काटैदेखि डुडुरी क्षेत्रसम्म सडक अत्यन्त जोखिमपूर्ण अवस्थामा रहेको स्थानीय बताउँछन्। नदी कटानका कारण सडकको तल्लो भाग भासिएको छ भने माथिबाट खसेको पहिरोसमेत हटाइएको छैन।

जीप चालक विशनसिंह नगालका अनुसार डुडुरीसम्म केही सुधार भए पनि त्यसभन्दा माथिको सडकमा सवारी सञ्चालन गर्न निकै जोखिम मोल्नुपर्छ। "थोरै पानी पर्दा पनि सडक अवरुद्ध हुन्छ", उनले भने, "सडक निर्माणमा भइरहेको लापरवाहीका कारण स्थानीयले सास्ती भोग्नुपरेको छ।"

सडक नियमित सञ्चालनमा नआउँदा महाकाली नगरपालिका-२ र नौगाड गाउँपालिकाका स्थानीय बर्खायाममा बढी प्रभावित हुने गरेका छन्। नौगाड गाउँपालिका-२ की सरस्वती डोबालका अनुसार सडक अवरुद्ध हुँदा स्थानीय उत्पादन बजारसम्म पुऱ्याउन समस्या भइरहेको छ।

"हाम्रो क्षेत्रमा आलु, टमाटर, काक्रोलगायत तरकारी उत्पादन हुन्छ", उनले भने, "तर सडक नियमित नहुँदा समयमै बजार पुऱ्याउन सकिँदैन। खलङ्गाबाट खाद्यान्न ढुवानीमा समेत समस्या छ।" महाकाली लोकमार्गअन्तर्गतको ७२ किलोमिटर लामो खलङ्गा-गोकुलेश्वर पक्की सडक सञ्चालनमा रहे पनि छोटो दूरीको वैकल्पिक सडक लामो समयदेखि अधुरै रहँदा स्थानीयले सास्ती भोगिरहेका छन्।

आर्थिक वर्ष २०७७/०७८ को बजेटमार्फत तीन वर्षभित्र कालोपत्र सम्पन्न गर्ने लक्ष्य राखिएको भए पनि अहिलेसम्म धेरै स्थानमा ट्र्याकसमेत सुधार हुन सकेको छैन। पूर्वाधार विकास कार्यालय बैतडीका इन्जिनियर जीतेन्द्रसिंह धामीका अनुसार चालु आर्थिक वर्षमा डुडुरी, काटैलगायतका क्षेत्रमा ग्याबिन जाली हाल्ने, आरसीसी संरचना तथा कल्भर्ट निर्माण गर्ने काम भइरहेको छ। "केही ठाउँमा काम भइरहेको छ", उनले भने, "तर अपेक्षित गतिमा अघि बढ्न सकेको छैन।"

कार्यालयले निर्माण व्यवसायीको लापर्वाहीका कारण काममा ढिलाइ भएको जनाएको छ। पटक-पटक ताकेता गर्दा पनि निर्माण कार्यले गति लिन नसकेको कार्यालयको भनाइ छ। गत वर्ष नौगाड गाउँपालिकाले आफ्नै लगानीमा जेसीभी प्रयोग गरी सडक सुचारु गराएको गाउँपालिका अध्यक्ष दलजितसिंह धामीले बताए। "हाम्रो क्षेत्रसम्म गाडी सञ्चालन गर्ने प्रयास गरेका हौँ", उनले भने, "महाकाली नगरपालिकासँग समन्वय भए सडकलाई नियमित सञ्चालनमा ल्याउन सकिन्छ।"

पूर्वाधार विकास कार्यालयले यसअघि दुई प्याकेजमा सडक कालोपत्र गर्ने गरी ठेक्का सम्झौता गरेको थियो। तर बाढीपछि सडक निर्माण कार्य प्रभावकारी रूपमा अघि बढ्न नसक्दा अहिले पनि खलङ्गादेखि काटैसम्मका धेरै स्थानमा ट्र्याक बिग्रिएको अवस्थामा छ।

रोकिएको काम सुरु गराउन प्रशासनले पनि पहल गरिरहेको प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले बताउनुभयो। "बर्खायाममा सडक अवरुद्ध नहुने गरी काम गर्न निर्देशन दिएका छौँ", उनले भने।

# डिजिटल प्रविधिमैत्री बन्दै बैजनाथका किसान

**युग संवाददाता**
**बाँके, ३० जेठ ।**

बाँकेको बैजनाथ गाउँपालिकाका किसान परम्परागत ढक-तराजु छोडेर डिजिटल प्रविधिमैत्री बन्दै गएका छन्। पहिलो चरणमा गाउँपालिकाभित्रका ७६ जना किसानलाई गाउँपालिकाले डिजिटल तराजु वितरण गरेपछि यहाँका किसान प्रविधिसँग जोडिएर श्रमको सही मूल्य पाउन थालेका छन्।

बैजनाथ गाउँपालिका-७ का किसान दिनेश चौधरीले वर्षौँदेखि परम्परागत ढक-तराजु प्रयोग गरेर आफ्नो खेतबारीको उब्जनी जोख्दा कहिले ढक खिइने त कहिले व्यापारीको आफ्नै तराजुमा शङ्का उपशङ्का हुने समस्या डिजिटल तराजुले अन्त्य गरेको बताए। "अब तौलमा तलमाथि हुने डरै भएन, व्यापारीले पनि ठग्न पाएनन्, आफूलाई पनि ढुक्क भएको छ" उनले भने, "गाउँपालिकाले हामीजस्ता साना किसानको मर्का बुझिदिएर डिजिटल तराजु सहयोग गरेको जस्तो लागेको छ।"

'किसानसँग पालिका प्रमुख' कार्यक्रम अन्तर्गत ७० प्रतिशत अनुदानमा गाउँपालिकाले डिजिटल तराजु वितरण गरेपछि यहाँका किसानको कथा अहिले फेरिएको छ। कृषिमा आधुनिकीकरण र यान्त्रिकीकरणका ठूला-ठूला कुरा भइरहँदा, किसानले उत्पादन गरेको वस्तुको सही तौल हुनु नै बजारको पहिलो र मुख्य सर्त ठानेर गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३को बजेटमार्फत यो योजना अघि सारेको गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाहीले जानकारी दिए। "किसानले उत्पादन गरेको वस्तु खरिद गर्ने व्यक्ति वा व्यवसायी र किसान बिचको विश्वास बढाउने र परिणाम सही निकाल्ने काम यो डिजिटल तराजुले गर्नेछ", अध्यक्ष शाहीले भने, "किसानको उत्पादनलाई बजारीकरण गर्न यसले थप मद्दत पुऱ्याउने हाम्रो विश्वास छ।" गाउँपालिकाले किसानलाई प्रविधिसँग जोड्नका लागि कतिपय क्षेत्रमा ७० प्रतिशत त कतिपयमा पूर्णअनुदान दिँदै आएको गाउँपालिका कृषि शाखा प्रमुख प्रमोदकुमार विश्वकर्माले बताए।

उनका अनुसार, गाउँपालिकाभरिबाट कुल ९६ जना किसानले तराजुका लागि निवेदन दिएकोमा प्राप्त आवेदनमध्येबाट वास्तविक र आवश्यकताका आधारमा छनोट गरेर पहिलो चरणमा ७६ जना किसानलाई एक-एक थान डिजिटल तराजु वितरण गरिएको हो।

# भेरी अस्पतालको एनआईसीयू शैया विस्तार गरिँदै

**युग संवाददाता**
**बाँके, ३० जेठ ।**

पश्चिम नेपालको बिरामी प्रेषण केन्द्रको रूपमा रहेको नेपालगञ्जस्थित भेरी अस्पतालमा नवजात शिशुको उपचार सेवालाई थप प्रभावकारी र सहज बनाउन नवजात सघन उपचार कक्ष (एनआइसीयू) विस्तार गरिने भएको छ।

हाल अस्पतालमा रहेका आठ एनआइसीयू शय्यालाई बढाएर २० शैयासम्म पुऱ्याउने लक्ष्यका साथ आवश्यक उपकरण थप गरिएको अस्पतालका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा नवीन दर्नालले जानकारी दिए।

उनका अनुसार, अहिले एनआइसीयू शय्याको अभावका कारण जटिल स्वास्थ्य समस्या भएका नवजात शिशुलाई अन्य अस्पतालमा प्रेषण (रेफर) गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ।

सेवा विस्तारपछि अस्पतालले आफ्नै स्रोतसाधनमार्फत थप शिशुलाई उपचार सेवा दिन सक्नेछ भने अन्य अस्पतालबाट प्रेषित भई आउने शिशुलाई एनआइसीयू सेवा उपलब्ध गराउन गराई नवजात शिशुहरूको उपचारमा सहजता आउने छ।

भेरी अस्पतालमा अहिले सामान्य तथा शल्यक्रियामार्फत दैनिक ३० देखि ४० जना सुत्केरी हुने गरेका छन्। यस्तो अवस्थामा नवजात शिशुको उपचार सेवा विस्तारले मातृ तथा शिशु स्वास्थ्य सेवामा थप टेवा पुग्ने विश्वास छ। थप एनआइसीयू सञ्चालनका लागि आवश्यक चिकित्सक तथा स्टाफ नर्सको व्यवस्थापन गरी तयारी अवस्थामा रहेको अस्पताल प्रमुख डा. दर्नालले बताए।

## के हो...

वृद्धिदर ऋणात्मक भएको देखाएको छ, जसको मुख्य कारण काम र अध्ययनका लागि विदेश तथा सहरतर्फको पलायन हो।

खतिवडाका अनुसार संघीयतापछि गाउँसम्म विकासका पूर्वाधार पुगे पनि त्यसले अपेक्षित अवसर सिर्जना गर्न नसक्दा बसाइँसराइ रोकिएको छैन। मध्यपहाडी क्षेत्रमा जनसंख्या घट्दै जानुमा विकास मोडेलप्रतिको असन्तुष्टि र रोजगारीको अभाव प्रमुख कारण बनेको छ। डा. खतिवडाका अनुसार पहाडमा जनसंख्या टिकाउन लक्षित नीति आवश्यक छ। उनी युवालाई स्वदेशमै रोक्न गुणस्तरीय शिक्षा, रोजगारी र इन्टर्नसिपका अवसर विस्तार गर्नुपर्ने बताउँछन्।

विदेश अध्ययनका नाममा ठूलो रकम खर्च गर्ने प्रवृत्तिलाई घटाएर स्वदेशी विश्वविद्यालयमै प्रतिस्पर्धी शिक्षा दिन सकिए बसाइँसराइ घटाउन सकिने उनको धारणा छ। उनका अनुसार कमजोर आर्थिक वर्ग सबैभन्दा बढी प्रभावित हुने भएकाले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाका अवसर गाउँमै विस्तार गर्नुपर्ने आवश्यकता छ।

यद्यपि उनी नेपालका हिमाल र पहाडी क्षेत्रलाई दीर्घकालीन सम्भावनायुक्त क्षेत्रका रूपमा हेर्छन्। उचित विकास मोडेल अपनाउन सके आगामी दशकमा यी क्षेत्र आकर्षणको केन्द्र बन्न सक्ने उनको विश्वास छ। 'पहाडमा जनसंख्या अड्याउने नीति भनेको त्यहाँका युवालाई रोक्ने होइन, उनीहरूलाई अवसर दिने हो। गुणस्तरीय शिक्षा, रोजगारी र विश्वासयोग्य अवसर दिन सके मात्र बसाइँसराइ घटाउन सकिन्छ,' सहप्राध्यापक खतिवडाले भने।

## गाउँ...

अस्पतालदेखि उच्च शिक्षा दिने क्याम्पस गाउँमै बनेका छन्। पहिले बोकेर खानुपर्ने नुन घरघरै पुगेको छ, बिडम्बना मानिसहरु सुविधा खोज्दै सहर पस्न थाले।' लामो समय शिक्षण पेशामा संलग्न भएको अनुभवले हाल भइरहेको बसाइँसराईलाई देखासिकीको उपज ठान्छन् बुढा। विकास गाउँतर्फ मोडिदा मान्छेहरु शिक्षा, स्वास्थ्य र रोजगारीको खोजिमा बसाई नै सर्नेसम्मको निर्णयमा पुग्नुले दिर्घकालिनरुपमा विकास र जनसंख्याबीच संकट निम्तिने खतरा उनले देखेका छन्।

विगत ३२ वर्षदेखि दैलेखको भगवतीमाई गाउँपालिका-१, पगनाथका देवेन्द्र अधिकारी पनि शिक्षण पेशामा आवद्ध छन्। अधिकारीले पनि पछिल्लो समय भइरहेको बसाइँसराईको प्रवृत्तिलाई नजिकबाट नियाली रहेका छन्। अधिकारी भन्छन्, 'देश शान्ति प्रक्रियामा प्रवेश गरेसँगै दैलेखमा पूर्वाधार विकासले फड्को मारेको छ।

गाउँ-गाउँमा सडक, इन्टरनेट, विद्यालय र खानेपानी पुगेका छन्। पहिलेको जस्तो पढ्न वा उपचार गर्न टाढा जानुपर्दैन। तर, विडम्बना गाउँमा मान्छे छैनन्।' विकास गाउँ पसेपनि मानिसहरुले अनेकन आकांक्षा राख्दा बसाइँसराइले प्रोत्साहन पाइरहेको उनी बताउँछन्।

'सरकारी सेवामा प्रवेश गरेका हुन् वा स्वदेशी तथा वैदेशिक रोजगारीले परिवारको आयस्रोत बढ्यो। वैदेशिक रोजगारीमा गएकाले सुविधाको खाजि गर्दै नजिकको शहर पसे। आयस्रोत राम्रो भएकाले छोरीछोरीलाई राम्रो शिक्षा दिने नाममा सहर रोज्न थाले। उनीहरुको सिको अरुले पनि गरे,' गाउँमा शिक्षा, स्वास्थ्य, राजनीतिक लगायतका सामाजिक क्षेत्रमा प्रतिष्ठा कमाएका व्यक्तिहरु सहर पस्दा र सहर पसेकाको जीवनशैलीले पनि बसाइँसराइले प्रसय पाएको उनको ठम्याई छ। अधिकारीले एउटा रोचक किस्सा सुनाए। त्यो के थियो भने, दैलेखबाट बसाईसर्नेहरुमा ८० प्रतिशत शिक्षकहरु पर्दा रहेछन्। उनीहरु अधिकांश बसाइ सरेर सुर्खेत झरेका छन्। अधिकारीको आशयमाथि घोत्लिने हो भने, जीवनभर गाउँमा सेवा गर्ने उनै शिक्षकहरुले पनि आफ्नो भविष्य सहरमै देख्नुले गाउँमा ठुलो जनसंख्या संकट छ भन्ने प्रष्ट हुन्छ।

उनले गाउँमा विकास र जनसंख्याको अनुपात मिलाउन गाउँमै बस्न प्रेरणा र प्रोत्साहनको नीति लिन ढिला गर्न नहुने तर्क गरे। गाउँ पुगेका सडकले खोल्दै गएका नयाँ सम्भावनाका ढोकाहरुमा रोजगारी र आयआर्जनका माध्यम सिर्जना गर्नसके मानिहरु बसाइँसराइको जोखिम नमोल्ने अधिकारी तर्क गर्छन। बसाइँसराइको असर विद्यालयमा समेत परेको छ।

अधिकारीले अध्यापन गराउने राम्रा मध्येका सामुदायिक विद्यालयहरुमा ज्वाला माध्यमिक विद्यालय पनि पर्दछ। उनको विद्यालयमा पूर्वाधार, दक्ष जनशक्ति र शिक्षाको गुणस्तरमा कुनै कमी छैन। तर, बसाइँसराइले विद्यालयमा विद्यार्थीको संख्या तीव्र गतीले ह्रास आइरहेको अधिकारी बताउँछन्।

अधिकारीका अनुसार तीन वर्षअघिसम्म उनको विद्यालयमा एक हजार बढी विद्यार्थी थिए। तर, अहिले यो संख्या झण्डै ५० प्रतिशत अर्थात ५/६ सयमा सीमित भएको छ। एसईईपछि विद्यालयमै प्राविधिक धारका विषयहरु पढाई भइरहेको भएपनि विद्यार्थीको रोजाई भने सुर्खेत लगायतका सहर बन्ने गरेको अधिकारी बताउँछन्।

नयाँ तथा आधुनिक बस्ती विकासको योजना बनाउनेदेखि गुणस्तरीय शिक्षा, स्वास्थ्य, सडक, विजुली लगायतका पूर्वाधार बढाएर बसाइँसराइलाई रोक्न सकिने अधिकारी बताउँछन्। उनी भन्छन्, 'पेन्सनपछि गाउँमै बस्ने वातावरण बनाउनेदेखि वैदेशिक रोजगारीपछि पनि उनीहरुलाई गाउँमा पुनः उद्यम होस् वा अन्य आयआर्जनका काममा लगाउने नीति लिन सके बसाइँसराइ रोक्न सकिन्छ। यसका लागि राज्यले इच्छा शक्ति देखाउनु पऱ्यो।' अधिकारीले पहाडका फाटहरुमा व्यवस्थित सहर निर्माण गरी मध्यपहाडको जनसंख्यालाई रोक्न सरकारले परिकल्पना गरेको मध्यपहाडी राजमार्गको विकासक्रमलाई नजिकबाट नियाली रहेका छन्। मध्यपहाडी राजमार्गसँगै उनले शिक्षण गर्ने विद्यालय सटिएको छ। तर, उनको अनुभवले जति सुविधा भएपनि पहाडका फाटहरु बसाइँसराइको प्रवृत्ति रोक्न अझै सक्षम भएका छैनन्।

कर्णालीका तीन जिल्ला रुकुम पश्चिम, जाजरकोट र दैलेख जिल्ला भएर मध्यपहाडी राजमार्ग पूर्वपश्चिम लाग्दछ। दैलेखको नारायण नगरपालिका-८, को लोहोरे खोलामा होटल व्यवसाय गर्दै आएका छन् पूर्ण रावत। उनी जन्मदा उक्त स्थानमा सडकका रेखासम्म कोरिएका थिएनन्। विस्तारै सुर्खेत-दैलेख सडक खुल्यो। त्यसैमा मध्यपहाडी राजमार्ग खुल्यो। तर, उनको गाउँ भने मध्यपहाडी राजमार्ग विस्तार भइरहेकै अवस्थामा झण्डै एक सय ५० परिवारले गाउँ छाडिसकेका छन्।

'पहिले निकै दुख थियो, जता जाँदा पनि पैदलै हिड्न पर्थ्यो। अहिले त्यस्तो अवस्था छैन। घरको आँगनमै गाडी गुड्छन्। स्थानीय उत्पादनले मूल्य पाउन थालेका छन्। गाउँमा नयाँ उद्यमका अवसर सिर्जना हुँदै गएका छन्। तर, मान्छेहरु विकाससँगै सहर पस्न थाले,' रावतले भने।

जाजरकोटको भेरी नगरपालिका-१, रिम्नाकी जुनकिरी शाही उमेरले ८५ वर्षकी भइन। उनी रुकुम पश्चिमको आठविसकोटबाट बसाई सरेर रिम्ना आउँदा २२ वर्षकी थिइन। उतिबेला उनी रिम्ना आउदा अहिले बजार विस्तार भएको क्षेत्र पुरै जंगल थियो। एकाध घर थिए। उनी त्यहाँ आएको केही समयपछि जति बस्ती विस्तार भयो त्यसयता भने रिम्नामा मान्छेहरु आउनेक्रम रोकिएको छ। सडक नपुगुञ्जेल रिम्नामा बसाई सर्ने मानिसहरु सडक पुगेपछि भने त्यो क्रम रोकिएको छ। अहिले भेरी कोरिडोर र मध्यपहाडी राजमार्ग बनेपछि मानिसहरु सुर्खेत, बाँके, बर्दिया, दाङ लगायतका जिल्लामा बसाई सरिरहेको शाहीले देखेकी छन्।

उल्लेखित पात्रहरु यस्ता प्रतिनिधि हुन्, जसका आँखै अगाडि देश आन्तरिक द्वन्द्वबाट बाहिर निस्किएर विकासका हरेक आयामहरु गाउँ-गाउँ पुगेका छन्, तर, मानिसहरु भने धमाधम गाउँ छोड्दै गएका छन्। उल्लेखित पात्रले देखे भोगेको नियती राष्ट्रिय तथ्यांकले नै पुष्टि गरिरहेको छ। यो समस्या कर्णालीको मात्रै होइन। राष्ट्रिय जनगणनाको तथ्यांक केलाउने हो भने, मध्यपहाडको बसाईसराई रोक्न राज्यले ठुलो लगानी गरिरहेको मध्यपहाडी राजमार्गले छोएका २६ जिल्लाको जनसंख्या ऋणात्मक छ।

# काँक्रेविहार राष्ट्रिय हाफ म्याराथन हुँदै

**युग संवाददाता**
**सुर्खेत, ३० जेठ ।**




तेस्रो एक्सट्रिम काँक्रेविहार राष्ट्रिय हाफ म्याराथन प्रतियोगिता आयोजना हुने भएको छ। 'दौडिन्छ कर्णाली' नारासहित आगामी ८ असारमा सुर्खेतको वीरेन्द्रनगरमा राष्ट्रिय हाफ म्याराथन आयोजना हुने भएको हो।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्को आर्थिक सहयोग तथा मिड वेस्टर्न फिटनेस सेन्टर, सुर्खेतको आयोजनामा प्रत्येक वर्ष ओलम्पिक 'डे'का अवसरमा सञ्चालन हुँदै आएको प्रतियोगिताको तेस्रो संस्करण यस वर्ष पनि आयोजना गर्न लागिएको हो।

आयोजकले शनिबार पत्रकार सम्मेलनमार्फत प्रतियोगिताको तयारीबारे जानकारी दिँदै चार असारमा बिहान काँक्रेविहार परिसरमा प्रतियोगिताको मस्कट सार्वजनिक गरिने जनाएको छ। प्रतियोगिताको मुख्य दौड वीरेन्द्रचोकबाट सुरु हुनेछ।

प्रतियोगिताअन्तर्गत पुरुषतर्फ २१ किलोमिटर हाफ म्याराथन, महिलातर्फ १० किलोमिटर दौड तथा विद्यार्थीका लागि पाँच किलोमिटर दौड समावेश गरिएको छ। विभिन्न विधामा इच्छुक खेलाडी तथा धावकहरूले सहभागिता जनाउन सक्नेछन्। मिड वेस्टर्न फिटनेस सेन्टरका प्रबन्ध निर्देशक प्रमोद हमालका अनुसार कर्णालीमा दौड संस्कृतिको विकास गर्ने उद्देश्यसहित प्रतियोगिता सञ्चालन हुँदै आएको हो। 'दौडिन्छ कर्णाली' नारालाई मूर्त रूप दिन प्रतियोगिता निरन्तर आयोजना गरिएको उनले बताए। प्रतियोगिताको पुरस्कार राशी हरेक वर्ष वृद्धि गर्दै लगिएको जनाउँदै हमालले यस वर्ष हालसम्म न्यूनतम एक लाख २५ हजार रुपैयाँ पुरस्कार सुनिश्चित भएको जानकारी दिए।

सम्भावित दातासँग छलफल जारी रहेकाले पुरस्कार राशी अझै बढ्न सक्ने उनको भनाइ छ। अघिल्लो वर्ष कर्णाली प्रदेश खेलकुद विकास परिषद्मा पदाधिकारी नहुँदा प्रतियोगिता आयोजना हुन नसकेको उल्लेख गर्दै आयोजकले यस वर्ष परिषद्को सहयोगमा प्रतियोगिता पुनः सञ्चालन हुन लागेको जनाएको छ।

परिषद्ले जुम्लामा आयोजना हुने रारा म्याराथन र सुर्खेतको काँक्रेविहार हाफ म्याराथनलाई नियमित रूपमा बजेट उपलब्ध गराउँदै आएको छ। यस वर्षको प्रतियोगिताको टाइटल स्पोन्सर एक्सट्रिम इनर्जी ड्रिंक रहेको छ।

**सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।**

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने कार्य नगरौं,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच आउने कार्य नगरौं,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने कार्य नगरौं,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने कार्य नगरौं,
- शान्ति सुरक्षामा खलल पुग्ने कार्य नगरौं,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने कार्य नगरौं,
- जनमानसमा भ्रम सिर्जना गर्ने कार्य नगरौं,

**पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्दा सतर्कता अपनाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# रास्वपा कर्णाली प्रदेश अधिवशेन आज




**◣युग संवाददाता**
**सुर्खेत, ३० जेठ ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कर्णाली प्रदेशको प्रथम अधिवेशन आज (आइतबार) हुँदैछ। बिहान ११ बजेबाट सुरु हुने अधिवेशनलाई रास्वपा महामन्त्री भुपदेव शाह र सहमहामन्त्री विपिन आचार्यले सम्बोधन गर्नेछन्। अधिवेशनले पाँच वर्षका लागि प्रदेशको नेतृत्व चयन गर्नेछ।

रास्वपा नेता सुदिप पुरीका अनुसार महाधिवेशनको सम्पूर्ण तयारी पुरा भइसकेको छ। अधिवेशनमा सहभागी हुन १० जिल्लाका प्रतिनिधिसमेत वीरेन्द्रनगर पुगिसकेका छन्। रास्वपा कर्णाली प्रदेशको भावी नेतृत्वका लागि वर्तमान पदाधिकारीदेखि २१ फागुन २०८२ को निर्वाचनमा टिकटको लोभले रास्वपा प्रवेश गरेका समेत गरी पाँच जना आकांक्षी देखिएका छन्।

अधिवेशनबाट वर्तमान प्रदेश सभापति सुर्खेतका मदन खड्का दोहोरिन खोजिरहेका छन्। खड्का सँगै दैलेखका नन्दकिशोर बस्नेत, वर्तमान कोषाध्यक्ष सुर्खेतकी स्नेहा उपाध्याय, रुकुम पश्चिम प्रेमबहादुर बोहोरा र रुकुम पश्चिमकै मानबहादुर शाही सभापतिको दौडमा छन्। 'सभापतिको दौडमा पाँच जना देखिनु भएको छ। सकेसम्म सहमतिबाटै टुङ्गो लगाउने गरी छलफल चलिरहेको छ,' रास्वपा स्रोतले भन्यो। सभापतिको दौडमा रहेका बस्नेत २१ फागुन २०८२ को निर्वाचनमा टिकट नपाएपछि एमाले परित्याग गरेर रास्वापा प्रवेश गरेका थिए। एमाले परित्याग गरेर रास्वपामा टिकट पाएका बस्नेत दैलेख क्षेत्र नम्बर १ मा प्रतिनिधिसभा सदस्यमा कांग्रेसकी बासना थापासँग पराजित भएका थिए।

त्यस्तै, २०७९ को आम निर्वाचनपछि माओवादी त्यागेर रास्वपामा लागेका शाही रुकुम पश्चिम जिल्ला सभापति भइसकेका व्यक्ति हुन्। सभापतिको दौडमा रहेका बोहोरा पनि रुकुम पश्चिमका हुन्। उनी यसअघि प्रतिनिधिसभा सदस्य निर्वाचनमा रास्वपाबाट खस आर्यतर्फ बन्दसूचीमा थिए।

# खानेपानी आयोजनाको दिगोपना सम्बन्धी कार्यशाला

**◣युग संवाददाता**
**सुर्खेत, ३० जेठ ।**

खानेपानी तथा सरसफाई योजनाहरूको सुचारुपाना तथा दिगोपनाका लागि मर्मत तथा सम्भार कार्यशाला गोष्ठी सिम्तामा सम्पन्न भएको छ। गोष्ठीमा गाउँपालिकामा खानेपानी तथा सरसफाई सेवा व्यस्थापनको लागि नयाँ तयार भएका नीति, निर्देशिकाको बारेमा अभिमुखीकरण कार्यक्रम संयुक्त रुपमा संचालन गरिएको थियो।

हेल्भेटास नेपालको आर्थिक तथा सुन्दर नेपाल संस्थाको सामाजिक तथा प्राबिधिक सहजिकरणमा संचालित एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम अन्तर्गत सिम्ता गाउँपालिकामा सम्पन्न भएको हो।

गाउँपालिका अध्यक्ष ऐन बहादुर चन्दको अध्यक्षतामा संचालित कार्यक्रममा पालिका उपप्रमुख , पालिकाका प्रमुख प्रशासकिय अधिकृत, सम्पूर्ण वडाका वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, पालिका अन्तर्गत बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरु सुन्दर नेपाल संस्था प्रतिनिधिहरु, आ.ब. २०८१/०८२ मा निर्माण कार्य सम्पन्न भएका ३ वटा खानेपानी तथा सरसफाई योजनाका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

कार्यक्रममा खानेपानी तथा सरसफाई योजनाका पदाधिकारीबाट योजनाको दिगोपना तथा सुचारुपनाका लागि हालसम्म गरियका प्रयास एवम् खानेपानी तथा सरसफाइ योजनाको अवस्थाको जानकारी प्रदान गरे। पालिकामा संचालित एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम अन्तर्गत हालसम्मको उपलब्धि कार्यक्रम सञ्चालन दौरान देखिएका समस्या तथा समाधानका उपायसहित पालिकामा खानेपानी तथा सरसफाई योजनाहरूको सुचारु तथा दिगोपनाका लागि मर्मत तथा सम्भार निर्देशिकाका बारेमा संस्थाका क्षमता बिकास संयोजक ओम प्रकाश थापाले जानकारी प्रदान गरेका थिए।

# सिमकोट पूर्ण खोप सुनिश्चित गाउँपालिका

**◣युग संवाददाता**
**हुम्ला, ३० जेठ ।**

हुम्लाको सदरमुकाममा रहेको सिमकोट गाउँपालिका पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गाउँपालिका घोषणा गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ का लागि गाउँपालिकाभित्रका ० देखि ५९ महिनासम्मका सबै बालबालिकाले राष्ट्रिय खोप तालिकाअनुसार खोप प्राप्त गरेपछि गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको हो।

गाउँपालिकाभित्रका लक्षित उमेर समूहका सबै बालबालिकाले राष्ट्रिय खोप कार्यक्रमअन्तर्गतका सबै खोप प्राप्त गरेको सुनिश्चित भएपछि गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको सिमकोट गाउँपालिका स्वास्थ्य शाखा प्रमुख नर भण्डारीले बताए।

## बसाइँसराईको ...

घटायो भन्ने विषयमा न त अध्ययन नै हुन सकेको छ, न यसलाई नीति निर्माताहरुले गम्भीरतापूर्वक लिइका छन्। २०८० मा एमालेले मध्यपहाडी राजमार्ग केन्द्रित यात्रा गर्दै बसाइँसराइ व्यवस्थापनका लागि विशेष नीति आवश्यक रहेको निष्कर्ष निकालेको थियो। एमालेको उक्त यात्राले विकासका योजनाहरू पहाड चढ्दै जाने, पहाडबाट जनसंख्याको ठूलो हिस्सा तराई, शहर हुँदै विदेश जाने अवस्थाको अन्त्य गर्नुपर्ने निष्कर्ष निकालेको थियो। तत्कालिन सरकारलाई बुझाएको ज्ञापनपत्रको पाँच नम्बर बुँदामा मध्यपहाडबाट भइरहेको बसाइँसराइको व्यवस्थापन गर्न तत्काल पहल गर्न एमालेले अनुरोध गरेको थियो।

तत्कालिन एमालेको मध्यपहाडी राजमार्गको यात्रासँगै पमध्यपहाडको बसाइँसराइको प्रवृत्तिलाई नजिकबाट नियाल्दै आएका जनसांख्यिक अध्येता पत्रकार चेतन अधिकारी भन्छन्, 'मध्यपहाडी राजमार्ग त बन्यो तर यो समृद्धिभन्दा पनि बसाइँसराइ मार्गका रूपमा परिचित भयो। यो राजमार्गले छोएका २६ जिल्लाको जनसंख्या विगत दुई दशकयता ओह्रालो लागिरहेको छ। यी जिल्लाले समग्र पहाडी क्षेत्रको प्रतिनिधित्व गर्छन्।'

हिमाल र पहाड कुनै समय कति गुल्जार थिए भन्ने कुरा सात दशकअघिको तथ्याङ्कले पुष्टि गर्ने उनी बताउँछन्। विक्रम संवत २००९/०११ सालको गणनामा कुल जनसंख्याको ६४.८ प्रतिशत मानिस हिमाल र पहाडमा बस्थे। अधिकारीका अनुसार पूर्वाधार विस्तार भए पनि रोजगारी र जीवनयापनका अवसर सिर्जना हुन नसक्दा मध्यपहाडबाट जनसंख्या निरन्तर घटिरहेको छ। २०७८ सालको जनगणनासम्म आइपुग्दा पहाडको जनसंख्या हिस्सा ४०.३ प्रतिशतमा झरेको छ। यसको अर्थ पहाडमा सडक पूर्वाधार त पुग्यो तर त्यसले पहाड झन्झन् रित्तिदै गएको उनले बताए। सडक बने पनि रोजगार र जीवन धान्ने अन्य विकल्प नहुँदा मानिसहरू तराई तथा शहरतिर बसाइँ सर्ने क्रम हरेक वर्ष बढिरहेको अध्येता अधिकारी बताउँछन्। गाउँबाट सहरमा बसाइँ सर्दा विकास बजेटमा समेत प्रभाव परेको छ।

जस्तो की सुर्खेतको वीरेन्द्रनगरको कुल जनसंख्या एक लाख ५० हजार हाराहारीमा छ। तर, वीरेन्द्रनगरबाट सेवा लिएकाको तथ्यांक हेर्ने हो भने झण्डै पाँच लाख बढी मानिसहरुको संख्या देखिन्छ। यसमा विकास उपभोग गर्ने जनसंख्या एकातिर थुप्रने तर सोही परिणाममा विकास बजेट कम जनसंख्या भएको क्षेत्रमा विनियोजन हुँदा विकास र जनसंख्याबीचको तालमेलमा संकट देखा पर्ने खतरा बढेको छ।

## विद्यमान...

हुनसक्छ।'

पछिल्लो समय मध्यपहाडको जनसंख्यालाई रोक्न सकिएन भने कुनै ठाउँमा अत्याधिक जनसंख्या थप्रने त कतै रित्तिने जोखिम उत्तिकै रहेको उनी बताउँछन्। यस्तो समस्या समाधान गर्न राज्यले समयै योजना बनाएर अघि नबढे विकास र जनसंख्याबीच ठुलो संकट पैदा हुने नगर प्रमुख शर्माले बताए। उनले विद्यमान जनसंख्या नीतिले गाउँबाट सहरमा भइरहेको बसाइँसराइलाई कदापी रोक्न नसकिने ठोकुवा गरे।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय जाजरकोट (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा श्री धनसरा जैसी धनि रहेको, दर्ता नम्बर ४८२/२३०४/०७८/०८९ बाट भेरी नगरपालिका-९, जाजरकोटमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको सिर्जनाशिल बाख्रा पालन फर्म नामको प्राइभेट उद्योग हाम्रो घरायसी कारणले खारेजी गर्न'पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैत्तिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय जाजरकोट समक्ष लिखित रुपमा दाबी पेश गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## अपाङ्गता एक अवस्था हो।

- अपाङ्गता जुनसुकै स्थान, समय वा मानिसमा हुन सक्छ त्यसैले अपाङ्गता प्रति हेर्ने दृष्टिकोण बदलौ, समावेशी र समुन्नत समाज निर्माणमा योगदान गरौं।
- अपाङ्गता भएका व्यक्ति प्रति घृणा र तिरस्कार होईन सम्मान र विश्वास गरौ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

### हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराइ, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
Bhawani Auto Workshop Birendranagar-Surkhet
९८५८०५५६२९
☎ ९८५१३२९१६९
९८४९३२१४४२

भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA
Servicing | Repair | Denting | Panting | Washing

### हाम्रा सेवाहरु

- ✔ गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- ✔ चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- ✔ बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- ✔ डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- ✔ गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- ✔ सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोर्ट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।